### उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१२६

आज मिति २०८२/०६/२३ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १२६ मितिः २०८२/०६/२३

**प्रस्तावहरु**

१. उत्तरगया गाउँपालिकाका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा ।

२. स्वास्थ्य शाखाको वार्षिक कार्यक्रम/क्रियाकलाप कार्यान्वयन मार्गदर्शन २०८२/०८३ स्वीकृत गर्ने सम्बन्धमा।

३. प्रहरी चौकीहरुलाई दिइने बडा दशै पूजा खर्च सम्बन्धमा ।

**निर्णय नं. १**

मिति २०८२/०४/०८ गतेको कार्यपालिका बैठकको निर्णयानुसार उत्तरगया गाउँपालिका पूर्वाधार विकास शाखा अन्तरगत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि-२०८० खारेज गरिएको हुनुपर्नेमा २०८२ भएकोले सच्याइएको र तपसिल बमोजिम उत्तरगया गाउँपालिकाका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि,२०८२ सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः-

**उत्तरगया गाउँपालिकाका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२**

**प्रस्तावनाः**

यस गाउँपालिकाका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारिहरुलाई फिल्डमा खटाउदा उपलब्ध गराउने सुविधालाई व्यवस्थित गर्न र आफ्नो काममा थप हौसला प्रदान गर्न प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता दिन वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उत्तरगया गाँउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधिको नाम **"उत्तरगया गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले उत्तरगया गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले उत्तरगया गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "कार्यपालिका"भन्नाले उत्तरगया गाउँपालिका गाउँकार्यपालिका सम्झनु पर्दछ।

(घ) "योजना" भन्नाले उत्तरगया गाउँपालिकाभित्र सञ्चालित योजनाहरु सम्झनु पर्दछ।

(ङ) "कार्यविधि" भन्नाले उत्तरगया गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्दछ।

(च) "प्राविधिक कर्मचारी" भन्नाले पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत स्थायी र करार सेवा अन्तर्गत कार्यरत ईन्जिनियर, सव-ईन्जिनियर, असिष्टेन्ट सव-ईन्जिनियर र खानेपानी सहायक टेक्निसियन सम्झनु पर्दछ।

(छ)"अधिकृतस्तर" भन्नाले राजपत्राङ्कित तृतीय श्रेणी/छैठौं, सातौं, आठौं तहका कर्मचारी तथा "सहायकस्तर" भन्नाले राजपत्र अनंकित/चौथो र पाँचौं तहका कर्मचारी सम्झनु पर्दछ।

३. **फिल्ड भत्ता प्राप्त गर्ने आधारः** (१) यस कार्यविधि वमोजिमको भत्ता प्राप्त गर्न सम्बन्धित कर्मचारीले मासिक रुपमा तोकिएको कार्यालयमा हाजिर भई काम गरेको हुनुपर्नेछ। आवश्यक पर्दा कार्यालयले जुनसुकै बखत लगाएको शाखागत काम निजले गरेको हुनुपर्नेछ।

(२) भत्ता प्रदान गर्ने प्रयोजनका लागि प्राविधिक कर्मचारीहरुले मासिक रुपमा काम गरेको विवरण सम्बन्धित प्राविधिक कर्मचारीले अनुसूची १ बमोजिमको मासिक फिल्ड भ्रमण फाँटबारी तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम काम गरेका कर्मचारीहरु र उपदफा (२) बमोजिम पेश गरेको विवरण स्वीकृत भए पश्चात कर्मचारीले आफ्नो पद/तह/स्तर अनुसार देहाय बमोजिम एकमुष्ट मासिक फिल्ड भत्ता प्राप्त गर्नेछन्।

| सि. नं. | पद/तह/स्तर | प्राप्त हुने फिल्ड भत्ता (मासिक रु.) |
|---|---|---|
| १ | ईन्जिनियर (अधिकृतस्तर) | १३,०००/- |

| | | |
|---|---|---|
| २ | सव-ईन्जिनियर, खा.पा.स.टे. (सहायकस्तर पाँचौं) | १०,०००/- |
| ३ | असिष्टेन्ट सव-ईन्जिनियर, अमिन, खा.पा.स.टे. (सहायकस्तर चौंथो) | ८,०००/- |

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख भएता पनि हरेक आ.व.को श्रावण, भाद्र र आश्विन महिनाको फिल्ड भत्ता तोकिएको रकमको पचास प्रतिशत मात्र प्रदान हुनेछ।

४. **करकट्टीः** प्रदान गरिएको मासिक फिल्ड भत्ता बार्षिक आयमा गणना गरी नियमानुसारको करकट्टी गरिनेछ।

५. **भुक्तानी विधिः** २०८२ साल श्रावण महिना देखि दफा ३ बमोजिमका प्राविधिक कर्मचारीको तलबमा थप प्राविधिक फिल्ड भत्ता भौतिक पूर्वाधारका योजनाहरुबाट कन्टिन्जेन्सिको रकम प्राप्त भएपछि एकमुष्ठ रुपमा उपलब्ध गराइनेछ।

६. **फिल्ड भत्ता प्रदान नहुनेः** दफा ३ मा जुनसुकै कुरा लेखेको भए तापनि यदि कुनै प्राविधिक कर्मचारी जानकारी बिना कार्यालयमा उपस्थित नभएमा उक्त महिनाको फिल्ड भत्ता प्रदान गरिने छैन।

७. **कार्यविधिको व्याख्याः** यो कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ।

८. **थपघट तथा हेरफेरः** आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले प्रचलित कानूनसँग नबाझिने गरी यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

९. **बचाउः** यो कार्यविधि जारी हुनु भन्दा अघि आ.व. २०८२/०८३ श्रावणदेखि भएको काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १२६ मितिः २०८२/०६/२३

---

निर्णय नं.२

आ.व.२०८२।०८३ का लागि स्वास्थ्य शाखा तर्फ विनियोजित बजेट अन्तर्गतका कार्यक्रम तथा क्रियाकलापलाई विशिष्टिकृत गरी थप प्रभावकारी रुपमा सञ्चालन गर्न तयार पारिएको वार्षिक कार्यक्रम/क्रियाकलाप कार्यान्वयन मार्गदर्शन २०८२/०८३ सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस गाउँपालिका अन्तर्गतका तपसिल बमोजिका प्रहरी चौकीहरुलाई बडा दशैंको अवसरमा हतियार पूजाका लागि देहाय बमोजिमको रकम विविध शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

बेत्रावती प्रहरी चौकी - अधिकत्तम रु २५,०००।- अक्षरेपि पच्चीस हजार रुपैंया मात्र ।

सल्लेटार प्रहरी चौकी - अधिकत्तम रु १५,००० । - अक्षरेपि पन्ध्र हजार रुपैंया मात्र ।

डाँडागाउँ प्रहरी चौकी - अधिकत्तम रु १५,०००।- अक्षरेपि पन्ध्र हजार रुपैंया मात्र ।

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत